जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ४९ २०८२ साल भदौं ३० गते सोमबार (15 Sep 2025 Monday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सिंहदरबार फर्किए कर्मचारी,... ३ पृष्ठमा : लयमा फर्कंदै शिक्षा मन्त्रालय,... ३ पृष्ठमा : कतार आक्रमणपछि ...

# राजविराज नगरपालिका कार्यालयमा ३० करोड भन्दा बढीको क्षति, ११ लाख नगदसहित तीस वटा सवारीसाधन जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

जेनजीको आन्दोलनका क्रममा भएको प्रदर्शन र आगजनीले राजविराज नगरपालिका कार्यालयमा ३० करोड भन्दा बढी मुल्य बराबरको क्षति भएको छ ।

यही भदौं २४ गते आन्दोलनको दोश्रो दिन प्रदर्शनकारीहरु उग्र बनेपछि राजविराज स्थित विभिन्न कार्यालयहरुमा आगजनी र तोडफोड गरेका थिए । जस मध्ये सबै भन्दा ठुलो राजविराज नगरपालिकामा भएको हो ।





जिल्ला प्रशासन कार्यालय सप्तरीले शनिबारदेखी कर्फ्यु आदेश फिर्ता लिएपछि आइतबार नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको बैठकले क्षतिको विवरण संकलन गर्ने काम सुरु गरेको छ । क्षतिको विवरण संकलन गर्ने कार्य विभिन्न प्राविधिकहरुबाट भइरहे पनि अन्दाजी ३० करोड भन्दा बढी क्षति भएको नगरपालिको प्रारम्भिक अनुमान छ । यद्यपी पुर्ण क्षति विवरण आउन केही समय लाग्ने राजविराज नगरपालिकाले जनाएको छ ।

नगरपालिकाको राजश्व फाँटका कर्मचारी शितल दासका अनुसार आन्दोलनका क्रममा प्रदर्शनकारीहरुले गरेको तोडफोड र आगजनीबाट राजश्व फाँटमा विभिन्न दस्तुरबापत सेवाग्रहीहरुबाट प्राप्त करिब ११ लाख रुँपैया नगद जलेर नष्ट भएको छ । सोही फाँटमा रहेका नगरवासीका विभिन्न व्यवसाय प्रमाणपत्र, बिटौरी सम्बन्धी कागजात, घरनक्शा सम्बन्धी लगायतका अन्य कागजातहरु समेत जलेर नष्ट भएको उनले बताए ।

नगरपालिकाका योजना अधिकृत मनोज यादवले ५ वटा ट्याक्टर, ३ वटा टिपर, २ वटा बारुणयन्त्र, एक/एक वटा जेसिबी, सेन्सन मेशिन जडान भएको गाडी, एम्बुलेन्स, कार, स्कारपियो र १५ वटा मोटरसाइकल पूर्ण रुपमा जलेर नष्ट भएको जानकारी दिए । यस्तै विभिन्न फाँटमा राखिएका दर्जनौं ल्यापटप र कम्प्युटरहरु पनि जलेर खरानी भएको उनको भनाई छ ।

नक्शा फाँटका प्रमुख ओमप्रकाश साहले नगर स्थापना कालदेखी नै राखिएका घरजग्गाको रेकर्ड फायल र प्रमाणहरु जस्ता महत्वपूर्ण कागजातहरु पनि जलेर खरानी भएको जानकारी दिए ।

आगजनीबाट कार्यालयको दुई तल्ले भवनको कोठाहरु मध्ये १८ वटा कोठा भवन पनि जलेर जिर्ण अवस्थामा पुगेको तथा कुनै बेला पनि भत्किने अवस्थामा रहेको नगरपालिकाको सहरी पूर्वाधार फाँटका प्रमुख अजय यादवले जानकारी दिए ।

कार्यवाहक नगरप्रमुख इसरत परविनले गत मंगलबार जिल्लामा भएको आगजनी तथा तोडफोडबाट सबैभन्दा बढी राजविराज नगरपालिका कार्यालयलाई क्षति पुगेको बताइन् ।

जनताको करबाट बनेको संरचना र नगर स्थापना कालदेखी नै सुरक्षित राखिएका महत्वपूर्ण दस्तावेजहरु जलाउनु उचित नभएको भन्दै उनले भनिन्, “नगरवासीले तिरेको करले बनेको कार्यालयको संरचना र जोडिएका सम्पत्ति जोगाउने सम्पूर्ण नगरवासी कै दायित्व हो ।”

उक्त घटनाले आफूलाई निकै मर्माहत पारेको भन्दै उनले अब पुर्ननिर्माणमा जुट्ने र बन्द हुन पुगेको सेवाहरु छिटो भन्दा छिटो संचालनमा ल्याउन आफूहरु लागिपरेको सुनाइन् ।

नगरपालिकामा भएको ती सबै क्षतिको पूर्ती गर्न र पुर्ननिर्माण गर्न झण्डै ३० करोड भन्दा बढी रुँपैया खर्च लाग्ने अनुमान गरिएको छ ।

जेनजीको हिंसात्मक आन्दोलनका क्रममा नगरपालिका कार्यालयसहित सघन सहरी, पूर्वाधार विकास, डिभिजन वन, जिल्ला अदालत, उच्च अदालत, हुलाक, नापी, निर्वाचन, यातायात सेवा कार्यालय लगायत नेकपा एमाले, नेपाली काँग्रेस, जनमत, जसपा नेपाल लगायतको पार्टी कार्यालय समेतमा तोडफोड र आगजनी भएको थियो ।

ती कार्यालयहरुबाट समेत क्षतिको विवरण संकलन गर्ने काम भइरहेको स्थानीय प्रशासनले जनाएको छ ।

## कारागार क्षेत्रमा कर्फ्यु आदेश

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले कारागार कार्यालय सप्तरी क्षेत्रमा कर्फ्यु आदेश जारि गरेको छ ।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलद्वारा आइतबार जारि सूचनामा जिल्ला सुरक्षा समितिको बैठकको निर्णय अनुसार कारागारको चारै तर्फ क्षेत्रको ५०/५० मिटर चार किल्ला तोकी उक्त कर्फ्यु आदेश जारि भएको जनाइएको छ ।

जारि सूचनामा भदौं २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा देशका विभिन्न कारागार कार्यालयबाट कैदी भागेको घटनालाई मध्यनजर गर्दै उक्त कर्फ्यु




आदेश जारि गरिएको उल्लेख छ ।

सूचनामा “कारागारको पूर्व, पश्चिम, उत्तर र दक्षिण ५०/५० मिटर चारकिल्ला तोकी अर्को आदेश नभएसम्मको लागि स्थानीय प्रशासन ऐन २०२८ संशोधन सहितको दफा ६(क) बमोजिम सो सीमाना भित्र कसैले आवतजावत गर्न, कुनै पनि प्रकाशरको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेरा उगर्न नपाउने गरी कर्फ्यु आदेश जारि गरिएको छ । कर्फ्यु आदेश उलंघन गरे/गराएमा सोही ऐन बमोजिम कडा कारवाही हुने व्यहोरा समेत अनुरोध गर्दछु ।” उल्लेख छ ।

## राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा प्रवाह स्थगन

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा प्रवाहमा समस्या देखिएको हुँदा आइतबार र सोमबारका लागि सो सेवा स्थगन गरिएको जनाएको छ ।

कार्यालयका प्रशासकीय अधिकृत जितेन्द्र कुमार पासवानद्वारा आइतबार जारि सूचनामा जेनजीको आन्दोलनका क्रममा देशका विभिन्न स्थानका कार्यालयहरुमा तोडफोड र आगजनीका कारण कार्यालय संचालनमा बाध्यात्मक स्थिति सृजना भएकोले हाललाई सो सेवा स्थगन गरिएको उल्लेख छ ।

जारि सूचनामा सिंहदरबार काठमाडौंको विभिन्न मन्त्रालय तथा विभागमा समेत आगजनी तथा तोडफोड भएको कारण राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सर्भरमा समेत समस्या देखिएकोले मर्मत कार्य भइरहेको जनाइएको छ ।

## सम्पादकीय

### बाल दिवसको महत्वलाई जिवित राख्नु आवश्यक

नेपालमा हरेक वर्ष भदौ २९ गते बालबालिका मनाइने गरिन्छ । तर मुलुकमा भएको राजनीतिक परिवर्तनका कारण यस पटकको बाल दिवस ओझेलमा परेको छ । नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको दिनको स्मरण गर्दै बाल दिवस मनाइने गरिन्छ । राष्ट्रिय बाल दिवस राजनीतिक परिवर्तनकै माहोलमा औपचारिक्तामा सीमित भएको छ । अहिले मुलुकको ठूलो चुनौती बाल श्रम र अन्य सबै प्रकारको सामाजिक शोषण/हिंसाबाट बालबालिकाहरूलाई बचाउनु रहेको छ ।

मुलुकमा बालबालिकाको वास्तविक अवस्था, बालबालिकाहरूको महत्वबारे जागरुकता बढाउन र उनीहरूको भविष्य उज्ज्वल बनाउँदै उनीहरूको अवस्थामा सुधार ल्याउन बाल दिवसको सान्दर्भिकता र उपादेयता महत्वपूर्ण रहेको छ । नेपालको संविधान, २०७२ को मौलिक हक र कर्तव्यसम्बन्धी भाग ३ को धारा ३९ मा बालबालिकाको हक सुनिश्चित गरेको छ । संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ता, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकाससम्बन्धी हकको व्यवस्था गरेको छ ।

कुनै पनि मुलुकमा बालबालिका कमजोर, गरिब र खराब पालनपोषण भएको अवस्थामा त्यस मुलुकको विकास प्रभावित हुन सक्छ, यो तथ्य र विषयलाई हामी सबैले चिन्तन र मनन गर्न आवश्यक छ । तसर्थ बालदिवसको औचित्यलाई मनन् गरी सरोकारवाला निकायले यसलाई महोत्सवको रुपमा मनाउनु आवश्यक छ भने यसको महत्वलाई जिवित राख्नु उत्तिकै जरुरी छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सिंहदरबार फर्किए कर्मचारी, कामको अन्यौलता कायमै

**हेमन्त जोशी र बुनु थारु**
काठमाडौं, २९ भदौ (रासस) ।

सिंहदरबारभित्रका विभिन्न मन्त्रालय र निकायका कर्मचारी कार्यालय फर्किए पनि के काम, कहाँ बसेर गर्ने भन्ने अन्यौलता देखिएको छ । कार्यालय समयमा कर्मचारीको उपस्थिति देखिए पनि अहिलेको अवस्थामा कसरी अघि बढ्ने भनेर माथिल्लो निकायको स्पष्ट निर्देशन आइनसकेको अवस्थामा अन्यौलता देखिएको हो ।

प्रष्ट कार्ययोजना र तत्कालीन प्राथमिकता तय नहुँदा केही कर्मचारीहरू हाजिर गरेर घर फर्किएका छन् भने केही मन्त्रालय परिसरबाहिर समूह बनाएर गफ गरिरहेका भेटिन्छन् । कम क्षति भएका मन्त्रालय तथा निकायका कर्मचारी तत्काल सेवामा खटिनसक्ने अवस्था भए पनि नेतृत्व र निर्देशन अभावमा काम रोकिएको हो ।

जेनजी प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट प्रभावित गृह, सङ्घीय मामिला तथा सामान्य प्रशासन, ऊर्जा जलस्रोत तथा सिँचाइलगायत मन्त्रालयका कर्मचारीहरूले आइतबार अस्थायी रूपमा रजिस्टर वा हाजिरी कापीमार्फत उपस्थिति जनाएका छन् ।

आइतबार मध्याह्न करिब १२:०० बजेतिर राससकर्मी त्यहाँ पुग्दा ऊर्जा सचिव सरिता दवाडीको कार्यकक्षमा अब कसरी अघि बढ्ने भनेर माथिल्लो तहका कर्मचारीको अनौपचारिक बैठक बसिरहेको थियो । आगजनी र तोडफोडबाट क्षतिग्रस्त अन्य केही कोठामा पनि कर्मचारीको उपस्थिति देखिन्थ्यो तर कागजात र महत्त्वपूर्ण सामग्रीको सुरक्षामा भने मन्त्रालयको चासो देखिएन ।

ऊर्जा मन्त्रालयमा विद्युत् र इन्टरनेट सेवा पूर्ण रूपमा अवरुद्ध भएका छन् । मन्त्रालयका सूचना अधिकारी राजु महर्जनका अनुसार अहिले क्षतिको विवरण सङ्कलन, मुचुल्का तयार पार्ने र अभिलेख राख्ने प्रारम्भिक तयारी भइरहेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा तुलनात्मक रूपमा कम क्षति देखिए पनि अहिलेको अवस्थामा के काम गर्ने र कसरी अघि बढ्ने भन्नेबारे कर्मचारीलाई स्पष्ट निर्देशन छैन । "हाल क्षतिको विवरण सङ्कलन र त्यसको अभिलेख बनाउने काम भइरहेको छ । त्यसबाहेक अन्य काम मन्त्री वा सरकारको प्रष्ट निर्देशनपछि मात्र अघि बढ्छ", मन्त्रालयका सहसचिव डा हरिबहादुर केसीले रासससँग भन्नुभयो ।

त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सचिवस्तरीय बैठक बसेर सार्वजनिक यातायात सञ्चालनबारे छलफल भए पनि अन्य नियमित सेवा प्रवाहमा गतिशीलता देखिएन ।

अब कसरी अघि बढ्नेबारे अर्थ मन्त्रालयको भने तुलनात्मक रूपमा सक्रियता देखिएको छ । बजेट महाशाखाभित्रको एउटा शाखा प्रभावित भए पनि मन्त्रालयको काम सञ्चालनमा आइसकेको प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले अर्थ मन्त्रालयको उच्च व्यवस्थापन समूहको बैठक बस्ने तयारी भइरहेको छ ।

"अब पुनर्निर्माण र आगामी निर्वाचनका लागि आवश्यक खर्च व्यवस्थापनमा बढी जोड गर्नुपर्छ भनेर आन्तरिक छलफल तथा तयारी सुरु भइसकेका छन् । यसका लागि अहिलेको बजेटमा के व्यवस्था गर्न सकिन्छ, सोको छलफल र विश्लेषण भइरहेको छ । राजस्व स्रोत व्यवस्थापन गर्ने र खर्च कटौतीबारे छलफल भइरहेको छ", पाण्डेयले भन्नुभयो ।

जेनजी प्रदर्शनका क्रममा देशभर भएको क्षतिको विवरण यकीन गर्ने र त्यसको लागत तयार पार्ने विषयमा राष्ट्रिय योजना आयोगले पनि आन्तरिक तयारी थालेको छ । आयोगका सहप्रवक्ता डा दिवाकर लुईंटेलका अनुसार आयोगले 'पोस्ट डिजास्टर निड एसिसमेन्ट' का लागि आन्तरिक छलफल थालेको हो ।

जलेर नष्ट भएका भग्नावशेषको अगाडि उभिएर हेरिरहेका भेटिए स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका कर्मचारी । भवन जलेपछि कामको अन्यौलतामा रहेका कर्मचारीहरू अहिले हातले हाजिरी गरिरहेका छन् । केही कर्मचारी क्षतिको विवरण सङ्कलनमा खटिएका थिए । पूर्ण रूपमा क्षति भएको स्वास्थ्य मन्त्रालयले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को नयाँ भवनबाट काम थाल्ने तयारी गरिरहेको स्वास्थ्य सचिव डा विकास देवकोटाले जानकारी दिनुभयो ।

यसरी मन्त्रालयका संरचना क्षतिग्रस्त, विद्युत् तथा इन्टरनेट जस्ता आधारभूत सुविधा विच्छेद र प्रष्ट निर्देशन नहुँदा नियमित काम अघि बढ्न सकेका छैनन् । उच्च तहबाट अबको नीति र त्यसको कार्यान्वयनका लागि स्पष्ट निर्देशन आउन• ढिलाइ हुँदा कर्मचारीमा के काम गर्ने भन्ने अन्यौलता बढेको हो ।

सिंहदरबारभित्रको यो अवस्था केवल आगजनी र तोडफोडको क्षति मात्र होइन, समग्र प्रशासनिक संयन्त्रको कमजोर तयारी र सङ्कट व्यवस्थापन क्षमताको पनि सूचक हो । स्थायी सरकार मानिने प्रशासनिक संरचनामा देखिएको यस्तो अन्यौलतले सङ्कट व्यवस्थापन क्षमतामाथिसमेत प्रश्न उठाउँछ ।

क्षतिको पूर्ण मूल्याङ्कन र पुनर्निर्माण कति छिटो सम्भव हुन्छ ?, सामान्य नागरिकलाई प्रभाव पार्ने प्रशासनिक सेवा कति दिन ठप्प रहन्छ ?, आगामी निर्वाचनका लागि आवश्यक पूर्वाधार र बजेट समयमै जुट्छ ? लगायत प्रश्नको जवाफ अझै स्पष्ट छैन । राज्य सञ्चालनलाई पुनःगतिमा ल्याउन तत्काल उच्च तहको निर्णय, स्पष्ट प्राथमिकता र प्रभावकारी सङ्कट व्यवस्थापन रणनीति अपरिहार्य देखिन्छ । तर क्षतिग्रस्त कोठाहरूमा कुनै सुरक्षा व्यवस्था नहुँदा बाह्य व्यक्तिलेसमेत सजिलै प्रवेश गर्नसक्ने अवस्था देखिनु प्रशासनिक संवेदनशीलता र सुरक्षात्मक कमजोरीको सङ्केत हो ।

## तीन दिनभित्र क्षतिको विवरण निकाल्ने सहरी मन्त्रालयको तयारी

काठमाडौं, २९ भदौ (रासस) ।

सहरी विकास मन्त्रालयले तीन दिनभित्र आगलागीबाट क्षति भएका भौतिक संरचना, अन्य उपकरणलगायत गाडीहरूको विवरण निकाल्ने तयारी गरेको छ । मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलको संयोजकत्वमा आइतबार मन्त्रालयमा बसेको बैठकले गत मङ्गबार 'जेनजी' युवाको प्रदर्शनका क्रममा भएको तोडफोड तथा आगजनीबाट पुगेको क्षतिको विवरण सङ्कलन गर्ने निर्णय गरेको हो ।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले मन्त्रालयका ५० वटा गाडी जलेर खरानी भएका, केही गाडीहरू तोडफोड भएका, कार्यालयका कम्प्युटरलगायत समानहरू चोरी भएका बताउँदै बाँकी क्षतिको विवरण सङ्कलन भइरहेको जानकारी दिनुभयो ।

"सिंहदरबारका अधिकांश भवन आगलागीबाट जले पनि सहरी विकास मन्त्रालय भने जोगिएको छ, तर यहाँका समानहरू चोरी भएका छन् । गाडी जलेर सबै नष्ट भएका छन् । हामी कार्यालयसम्म पैदल हिँडेर आएका हौं", उहाँले भन्नुभयो, "मन्त्रालयले तीन दिनभित्र क्षतिको विवरण निकाल्नेछ । आगामी दिनमा शोकलाई शक्तिमा बदल्दै कसरी अगाडि बढ्ने भन्ने तयारी पनि गरिरहेका छौं ।"

सचिव सिग्देलका अनुसार मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभाग भने आगलागीका कारण ६० प्रतिशत जलेका छन् । अब कहाँ बसेर काम गर्ने भन्ने विषयमा अन्योल रहेको उहाँको भनाइ छ । "मन्त्री क्वाटरसहित मन्त्रालयद्वारा निर्माण सम्पन्न भएका भवनहरूको पनि केकति क्षति भएको छ, सङ्कलन गर्नेछौं । आइतबार भने हामी कसरी अगाडि बढ्ने छलफल गर्ने, सरसफाइ गर्नेलगायत कार्य गरेका छौं", उहाँले भन्नुभयो ।

## जेनजी प्रदर्शनका कारण रोकिएका सार्वजनिक यातायात सञ्चालन गरिने

काठमाडौं, २९ भदौ (रासस) ।

यही भदौ २३ र २४ गतेको 'जेनजी' प्रदर्शनपछि सिर्जित अवस्थाका कारण रोकिएका सार्वजनिक सवारीसाधन देशभर सञ्चालन गरिने भएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माको अध्यक्षतामा आइतबार सिंहदरबारमा बसेको सरोकार भएका निकायको बैठकमा प्रदर्शनका कारण रोकिएका सार्वजनिक सवारीसाधनलाई देशव्यापी रूपमा सञ्चालन गर्ने निर्णय गरिएको हो ।

बैठकमा प्रदर्शनका कारण एक सातादेखि काठमाडौंसहित विभिन्न स्थानमा रोकिएका सार्वजनिक सवारीसाधनलाई देशव्यापी रूपमा सञ्चालन गर्ने निर्णय भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकले ढुवानीका मालवाहक सवारीसाधनलाई सहजीकरण गर्ने निर्णय गरेको छ । दसैं, तिहार छठ पर्व नजिकिएसँगै घर जाने यात्रुका लागि अग्रिम टिकट बुकिङ खुला गर्न यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलको संयोजकत्वमा यातायात व्यवसायी, मजदुर तथा ट्राफिक प्रहरी रहनेगरी समिति गठन गरिएको महासङ्घका वरिष्ठ उपाध्यक्ष सिटौलाले बताउनुभयो ।

उक्त समितिले सरोकार भएका निकायसँगको सहकार्य र समन्वयमा शीघ्र बैठक बसेर अग्रिम टिकट बुकिङ खुला गर्नेछ । यसवर्ष असोज ६ गते घटस्थापना र १६ गते बडादसैं परेको छ ।

## मुलुकभरिबाट तीन हजार ७ सय २३ कैदीबन्दी पक्राउ

काठमाडौं, २९ भदौ (रासस) ।

यही भदौ २३ र २४ गते जेनजी प्रदर्शनपछि सिर्जित परिस्थितिका कारण देशभरका विभिन्न कारागारबाट भागेकामध्ये तीन हजार ७२३ कैदीबन्दी पक्राउ परेका छन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले आइतबार मध्याह्नसम्ममा तीन हजार ७२३ कैदीबन्दी पक्राउ गरी कारागामा ल्याइएको

बाँकी तीन पृष्ठमा

# लयमा फर्कंदै शिक्षा मन्त्रालय, खुल्न थाले विद्यालय

**प्रकाश सिलवाल**
काठमाडौं, २९ भदौ (रासस)।

मुलुकमा उत्पन्न असहज परिस्थितिका कारण सिंहदरबारस्थित अन्य कार्यालय झैं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भवनमा पनि ठूलो क्षति पुगेको छ। विश्वविद्यालयहरुले पूर्वनिर्धारित परीक्षा पछाडि सारेका छन् भने पठनपाठन प्रभावित भएको छ।

यही भदौ २३ र २४ गते भएको जेनजी समूहको प्रदर्शन र विभिन्न समूहले गरेको हिंसात्मक गतिविधि तथा जारी गरिएका कर्फ्युका एकाएक बन्द हुन पुगेका विद्यालयहरु आइतबारदेखि क्रमशः खुल्न थालेका छन्।

शिक्षा क्षेत्रमा नीतिगत नेतृत्व गर्दै शिक्षा मन्त्रालयले तत्कालका लागि केशर महलबाट अत्यावश्यक काम कारवाही सञ्चालनमा ल्याइने तयारी गरेको छ। सिंहदरबारस्थित शिक्षा मन्त्रालयको भवनमा आगलागी र तोडफोडबाट भएको क्षतिको प्रारम्भिक आँकलन गर्न आन्तरिकरुपमा कार्यदल बनाइएको छ। मन्त्रालयमा सरसफाइ एवं अन्य व्यवस्थापकीय कामहरु भइरहेको छ।

मन्त्रालयको परिसरमा जलाइएका विभिन्न सवारी साधन भने क्षतिको आकलन र सवारी धनीको पहिचनपछि मात्रै हटाउन मिल्ने भएकाले कार्यालय परिसर अस्तव्यस्त हुन पुगेको छ।

सोही मन्त्रालयको भुँइ तलामा रहेका राष्ट्रिय सतर्कता केन्द्रको कार्यालय पनि प्रभावित भएको छ। जेनजी समूहको प्रदर्शन र विभिन्न समूहले गरेको हिंसात्मक गतिविधिका कारण सिंहदरबारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत मन्त्रालयहरु ध्वस्त भएका छन्। मुलुकको विषम परिस्थितिका कारण आगामी असोज २ गते मनाइने राष्ट्रिय शिक्षा दिवसलाई पनि कुन रुपमा मनाउने भन्ने अन्योल देखिएको छ।

शिक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता शिवकुमार सापकोटाले सिंहदरबारबाट तत्काल काम गर्न सकिने अवस्था नभएकाले नयाँ शिक्षामन्त्रीको आगमनसँगै केशरमहलबाट अत्यश्यक कामहरु सञ्चालन गर्ने गरी तयारी भएको र सिंहदरबारमा काम गर्न मिल्ने अवस्था भएपछि पूर्ववतरुपमा सिंहदरबारबाट काम सुरु गरिने जानकारी दिनुभयो।

शिक्षा मन्त्रालय र केशरमहलको लामो परिचय जोडिएको छ। विगतमा त्यहाँ रहेको मन्त्रालय सिंहदरबारमा सारिएको थियो भने त्यसपछि पनि मन्त्रालयको छात्रवृत्ति शाखा त्यहीबाट सञ्चालित थियो। हाल उक्त शाखा भक्तपुर सानोठिमी लगिएको छ। केशरमहलमा विसं २०२६ देखि केशर पुस्तकालय रहेको छ। विगतमा मन्त्रालय रहेको केशरमहलको भवन हाल पुनः निर्माण भइसकेको छ।

मन्त्रालयका प्रवक्ता सापकोटाले आन्दोलन र कर्फ्युका कारण अवरुद्ध भएको विद्यालयहरुको पठनपाठन स्थानीय तहको समन्वयमा क्रमशः आइतबारदेखि खोल्न थालिएको जानकारी दिनुभयो। देशमा पछिल्ला दिनमा सिर्जित परिस्थितिका कारण बन्द भएका विद्यालय सञ्चालनका लागि आवश्यक तयारी गरी सञ्चालन गर्न मन्त्रालयले स्थानीय तह र विद्यालयहरुलाई आग्रह गरेको छ।

काठमाडौं महानगरपालिकाले आइतबारदेखि विद्यालयमा उपस्थित भई पठनपाठनका लागि आवश्यक तयारी गर्न शिक्षक तथा व्यवस्थापनलाई आग्रह गरेको थियो। महानगरपालिकाको शिक्षा विभागका निमित्त विभागीय प्रमुख केशव ज्ञवालीले विद्यालयमा कुनै क्षति भए-नभएको यकिन गर्न, अभिभावकसँग सम्पर्क गरी विद्यार्थीको अवस्था बुझ्न अवस्था सामान्य नहुञ्जेलसम्म बालबालिकालाई विद्यालयमा ल्याउन र लैजाने कार्य गर्न अनुरोध गर्न पनि अनुरोध गरेको थियो।

विद्यालयहरुले मनोसामाजिक परामर्शसँगै भौतिक रूपमा कक्षा सञ्चालन गर्न, विद्यालयमा अभिभावकसँग आउन र जान नसक्ने विद्यार्थीका हकमा श्रव्यदृश्यका माध्यमबाट कक्षा सञ्चालन गर्न पनि स्थानीय तहरुको आग्रह रहेको छ।

**खल्लो भयो राष्ट्रिय बाल दिवस**

देशमा पछिल्ला दिनमा सिर्जित विषम परिस्थितिका कारण आजको राष्ट्रिय बाल दिवस, २०८२ खल्लो हुन पुगेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'बालबालिकामा लगानी, सुरक्षित भविष्यको थालनी' नाराका साथ ६१औं राष्ट्रिय बाल दिवस मनाउन अपिल गरे पनि दिवस निष्प्रभावी भएको छ।

जेनजीले सञ्चालन गरेको आन्दोलन र त्यसपछि भएको विभिन्न हिंसात्मक गतिविधिले बालबालिकालाई नकारात्मक मानसिक असर पर्न गएको अवस्थामा उल्लासपूर्णरुपमा दिवस मनाउन सकिने अवस्था भएन। प्रदर्शनमा प्रहरीको दमनबाट भएको मानवीय क्षति, मानव अधिकारको उल्लङ्घन, सरकारी तथा निजी सम्पत्ति, उद्योग, सञ्चार गृह, सङ्घसंस्थाका कार्यालय, विद्यालयमा आगजनी, तोडफोड, लुटपाट जस्ता गतिविधि हुनुका साथै विभिन्न हिंसा बलात्कार, ज्यान मार्ने, सहकारी ठगी र मानव बेचबिखनका कार्यमा संलग्न भई अपराधको सजाय भोगिरहेका १३ हजार व्यक्तिहरु जेलबाट बाहिर निस्कनुजस्ता घटनाबाट बालअधिकारसँग सम्बन्धित निकाय र संस्थाहरु चिन्तित देखिएका छन्। ती संस्थाहरुले बालबालिकामा परेको मनोसामाजिक प्रभावबारे प्रारम्भिक अध्ययन पनि गर्न थालेका छन्।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)का अध्यक्ष तिलोत्तम पौडेलले अहिलेको विषम परिस्थितिमा बालबालिकाको स्वास्थ्य, संरक्षण र शिक्षामा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो। "बालबालिका भविष्यका कर्णधार हुन्, जस्तोसुकै असहज परिस्थितिमा पनि सुरक्षित बाँच्ने, संरक्षण हुन पाउनुपर्ने उनीहरुको अधिकार हो। पछिल्ला विभिन्न हिंसात्मक घटनाक्रममा बालबालिका विद्यालय पोशाकमा नै स्वयंको संलग्नता हुनु, अभिभावकहरू नै सडकमा उत्रनु, बालबालिका घाइते र मृत्यु हुनुले हामीलाई चिन्तित बनाएको छ", अध्यक्ष पौडेलले भन्नुभयो।

यस दुःखद् अवस्थामा बाल दिवसका अवसरमा कुनै उत्सवका कार्यक्रम नराखिएको उहाँको भनाइ छ। यस दिनलाई हिंसा, द्वन्द्व, दुर्व्यवहार र विपद्मा परी ज्यान गुमाएका बालबालिकाको सम्झनामा आइतबार सिनामंगलस्थित बालबालिका शान्ति पार्कमा दीप प्रज्ज्वलन कार्यक्रम राखेर स्मरण गर्ने उहाँले बताउनुभयो।

"वर्तमान अवस्थामा विद्यालय बन्द भएका छन्, कतिपय विद्यालय जलेका पनि छन्, बालबालिकाका कलिलो मानसिकतामा हजारौं प्रश्नका लहर उठेको छ। मानसिक स्वास्थ्यमा नै समस्या पर्ने अवस्था भएकाले समस्यालाई समाधान गर्न हामीले सहजीकरण गर्नुपरेको छ", उहाँले भन्नुभयो। अधिकारकर्मीहरुले बाल संरक्षण, विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन्, बालबालिका राष्ट्रिय गौरव हुन भन्ने अवधारणालाई समेत रक्षा गर्नुपर्ने दायित्व रहेकामा जोड दिएका छन्।

राष्ट्रिय बालअधिकार परिषद्ले बाल अधिकार उलंघनका घटनाहरू र जोखिममा पर्नसक्ने अवस्थामा तत्काल नजिकका सुरक्षाकर्मी र बाल हेल्पलाइन सेवा १०९८ बाट सूचना संकलन गरी आवश्यक सहजीकरण गर्दै आएको छ।

# जनमत पार्टीले मधेस प्रदेशका मुख्यमन्त्री र मन्त्रीलाई फिर्ता बोलायो

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ।**

जनमत पार्टीले मधेस प्रदेश सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई फिर्ता बोलाएको छ।

संसदीय दलका नेता महेशप्रसाद यादवले शनिबार विज्ञप्ति जारी गर्दै मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई सरकारबाट फिर्ता बोलाएको जानकारी दिएका छन्।

उक्त पार्टीबाट मुख्यमन्त्री सतिशकुमार सिंह, वन तथा वातावरणमन्त्री सञ्जय यादव र उद्योग वाणिज्य तथा पर्यटनमन्त्रीमा बसन्त कुशवाहा रहेका थिए। संसदीय दलका नेता यादवले सरकारबाट बाहिरिएको सम्बन्धी पत्र प्रदेश प्रमुखको कार्यालयमा पठाइएको जानकारी दिए।

यही भदौ २३ र २४ गते 'जेनजी' आन्दोलनका क्रममा मुख्यमन्त्री सिंहले फेसबुकमै राजीनामा दिनुभएको थियो, तर प्रदेश प्रमुखको कार्यालयमा लिखित राजीनामा दिएका थिए। शनिबार केही सञ्चारमाध्यममा मुख्यमन्त्री सिंहले राजीनामा नदिने अडान लिएको भनी आलोचना भएको थियो।

यहाँ जनमत पार्टी नेतृत्वको सरकारमा नेकपा (एमाले), नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सत्तासाझेदार छन्।

## मुलुकभरिबाट ...

जनाउँदै अझै १० हजार ३२० कैदीबन्दी फरार रहेकाले आवश्यक सर्तकता अपनाउन सर्वसाधारणमा आग्रह गर्नुभयो।

उहाँका अनुसार कतिपयलाई भारत भाग्न खोजिरहेको अवस्थामा भारतीय प्रहरीले समातेर फिर्ता गरेका छन् भने कतिपय सेना, प्रहरी र सशस्त्र प्रहरीले पक्राउ गरेका हुन्। कतिपय आफैं फिर्ता भएर कारागार आएका बताउँदै प्रवक्ता घिमिरेले कैदीबन्दीको खोजी अभियान जारी रहेको उल्लेख गर्नुभयो। कैदीबन्दीका बारेमा केही सूचना प्राप्त भएमा नजिकको प्रहरी कार्यालय तथा सुरक्षा निकायमा जानकारी दिन पनि उहाँले सबैमा अनुरोध गर्नुभयो।

सोही प्रदर्शनका कारण मुलुकभरका प्रहरी कार्यालयका हिरासतबाट फरार भएकामध्ये १३९ जना थुनुवालाई पक्राउ गरिएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार अझै दुई हजार १०० थुनुवा फरार छन्।

फरार भएकाहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ। तोडफोड, आगजनी र प्रदर्शनका कारण कैदीबन्दीहरू यही भदौ २४ गते भागेका थिए।

## विश्व समाचार

### कतार आक्रमणपछि रुबियोको इजरायल भ्रमण, युद्धविराम प्रयासमा नयाँ तनाव

तेल अभिव, २९ भदौ (रासस/एएफपी)।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आइतबार इजरायलको भ्रमण सुरु गर्नुभएको छ। कतारमा आक्रमण भएपछि हमाससँगको युद्धमा आफ्नो सहयोगीलाई ट्रम्प प्रशासनको अटल समर्थन व्यक्त गरेपछि इजरायलको व्यापक आलोचना भएको छ। यो भ्रमण राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार दोहामा हमास नेताहरूको बैठकमा इजरायलले गरेको अभूतपूर्व आक्रमणप्रति असन्तोष व्यक्त गरेपछि भएको हो।

यसले अमेरिकी सहयोगी कतारविरुद्ध इजरायलको पहिलो प्रत्यक्ष आक्रमणलाई चिह्नित गरेको छ र गाजामा युद्धविराम ल्याउने कूटनीतिक प्रयासहरूमा नयाँ तनाव थपेको छ। शनिबार प्रस्थानअघि रुबियोले पत्रकारहरूसँग भन्नुभयो, "राष्ट्रपति ट्रम्प आक्रमणबारे खुसी हुनुहुन्नथ्यो, तर यसले इजरायलसँगको हाम्रो सम्बन्धमा कुनै परिवर्तन ल्याउँदैन।"

यद्यपि उहाँले यस घटनाले युद्धविराम प्रयासमा असर पार्ने भएकाले 'यसबारे कुरा गर्नुपर्ने' बताउनुभयो। दोहामा भएको इजरायली आक्रमणले संयुक्त राज्य अमेरिकाद्वारा अघि सारिएको नयाँ युद्धविराम प्रस्तावबारे छलफल गर्न भेला भएका हमास नेताहरूलाई लक्षित गरेको थियो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले वरिष्ठ हमास अधिकारीहरूको हत्या युद्ध अन्त्य गर्न 'मुख्य बाधा हटाउने कदम' भएको भन्दै अपरेसनको बचाउ गर्नुभएको छ। युद्धको बीचमा इजरायलले गाजा सहर नियन्त्रणमा लिन दबाब बढाएको छ। बासिन्दाहरूलाई खाली गर्न आदेश दिँदै हमास प्रयोग गरेको भन्दै धेरै अग्ला भवनहरू उडाइएका छन्। संयुक्त राष्ट्रसङ्घका अनुसार अगस्टको अन्त्यसम्म गाजा सहर र आसपास करिब १० लाख मानिस बसोबास गर्दै आएका थिए। खाद्य अभाव चर्किँदै जाँदा संयुक्त राष्ट्रसङ्घले इजरायली प्रतिबन्धलाई दोष दिँदै अनिकाल घोषणा गरेको छ।

पश्चिमी गाजाबाट दक्षिणतर्फ भागेका बासिन्दा बकरी दियाबले भन्नुभयो, "यहाँ पनि इजरायली आक्रमण जारी छ। आधारभूत सेवा र सुरक्षाविहीन अवस्थामा मानिसहरूलाई भिड गर्न बाध्य पारिएको छ।"

गाजाको नागरिक सुरक्षा एजेन्सीले आइतबार बिहानदेखि इजरायली आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भएको जनाएको छ। तर मिडिया प्रतिबन्ध र पहुँच कठिनाइका कारण एएफपीले दाबीलाई स्वतन्त्र रूपमा पुष्टि गर्न सकेन। शुक्रबार संयुक्त राष्ट्रसङ्घीय महासभाले इजरायली विरोधका बीच दुई-राज्य समाधानलाई समर्थन गर्दै मतदान गऱ्यो। बेलायत, फ्रान्सलगायत पश्चिमी राष्ट्रहरू यस महिनाको संयुक्त राष्ट्रसङ्घीय बैठकमा प्यालेस्टिनी राज्यलाई मान्यता दिन तयार देखिएका छन्।

तर इजरायलले अझै आफ्नो सबैभन्दा शक्तिशाली सहयोगी र प्रमुख हतियार आपूर्तिकर्ता अमेरिकाको समर्थन कायम राखेको छ। रुबियोको भ्रमणअघि अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टोमी पिगटले प्रमुख कूटनीतिज्ञले 'हमासको आतङ्कवादलाई पुरस्कृत गर्ने प्यालेस्टिनी राज्यलाई एकपक्षीय मान्यता दिने जस्ता इजरायल विरोधी कदमहरू विरुद्ध लड्ने प्रतिबद्धता देखाउने' बताउनुभयो।

यसबीच, नेतान्याहु सरकारलाई गाजामा रहेका इजरायली बन्धकहरूको रिहाइको साटो युद्ध अन्त्य गर्न दबाब बढेको छ। बन्धक परिवारहरूको प्रमुख अभियान समूह होस्टेज एन्ड मिसिङ फेमिलिज फोरमले शनिबार नेतान्याहुलाई बन्धक मुक्तिको 'मुख्य बाधा' भएको आरोप लगाएको छ।

सन् २०२३ अक्टोबरमा अपहरण गरिएका दुई सय ५१ मध्ये अझै ४७ जना गाजामा रहेका छन्, जसमा २५ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ। मिडल इस्ट इन्स्टिच्युटका वरिष्ठ फेलो ब्रायन काटुलिसले रुबियोले इजरायललाई युद्धविरामतर्फ धकेल्ने सम्भावना नगण्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, "गाजामा युद्धविराम ल्याउनमा चिन्ताजनक निष्क्रियता देखिएको छ। प्रशासन आफ्नो आधार इभान्जेलिकल इसाईहरूलाई बढी सुन्दै गएको जस्तो देखिन्छ।"

जेरुसेलममा रुबियोले आइतबार प्रधानमन्त्री नेतान्याहुसँग भेटेर पश्चिमी पर्खाल भ्रमण गर्ने कार्यक्रम छ। सन् २०२३ अक्टोबरमा हमासको इजरायलमाथिको आक्रमणबाट सुरु भएको युद्धमा आधिकारिक तथ्याङ्कअनुसार एक हजार दुई सय १९ जना मारिएका थिए, जसमा अधिकांश नागरिक थिए। गाजाको हमास-नियन्त्रित स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली कारवाहीमा हालसम्म कम्तीमा ६४ हजार आठ सय तीन जना मारिएका छन्, जसमा ठूलो सङ्ख्यामा नागरिक रहेका छन्।

### नाइजेरियामा सशस्त्र समूहद्वारा १८ महिला र बालबालिका अपहरण

नाइजेरिया, २९ भदौ (रासस/एएफपी)।

नाइजेरियाको उत्तरपश्चिमी जामफारा राज्यमा रहेको एक गाउँमा शुक्रबार बिहान सशस्त्र समूहले आक्रमण गरी एक पुरुषको हत्या गरेका छन् र १८ महिला तथा बालबालिकालाई अपहरण गरेका छन्। 'ब्यान्डिट्स' भनेर चिनिने अपहरण र गाईचोरीमा संलग्न हिंसात्मक समूहले शुक्रबार बिहान करिब ५ बजेको समयमा बिरनिन जरमा गाउँमा आक्रमण गरेका थिए। उक्त समय गाउँलेहरू बिहानको प्रार्थनाको तयारीमा थिए।

गाउँका एक बासिन्दा इब्राहिम बेलोका अनुसार, आक्रमणकारीहरूले एक घरमा पसेर एक किसान, गार्बा गाम्बोलाई गोली हानी हत्या गरे र उनकी श्रीमतीलाई घाइते बनाए। त्यसपछि उनीहरूले १८ जना महिला र बालबालिकालाई जबरजस्ती गाउँबाट लगे। छिमेकी बुक्कुयुम शहरका बासिन्दा लावल उमरले आक्रमणकारीहरू छिमेकी अड्का जिल्लाबाट आएको र उनीहरूले नजिकैको जङ्गलमा आफ्नो शिविर बनाएको बताएका छन्। उहाँका अनुसार, बुक्कुयुममा तैनाथ सैनिकहरू समयमै बिरनिन जरमा पुग्न सकेनन्।

गाउँ राजधानी गुसाउबाट झण्डै १७० किलोमिटर टाढा रहेको छ। घटनापछि अपहरणकारी समूहले अहिलेसम्म फिरौतीको माग भने गरेका छैनन्। यस्तै, गत महिनाको अन्त्यमा गुम्मी जिल्लामा भएका आक्रमणबाट भाग्दै गरेका १५ जना, जसमा अधिकांश महिला र बालबालिका थिए, नदी पार गर्ने क्रममा डुङ्गा पल्टिँदा डुबेर ज्यान गुमाएका थिए। जामफारा लगायत नाइजेरियाका उत्तरपश्चिमी र मध्य राज्यहरू विगत केही वर्षदेखि यस्ता हिंसात्मक समूहहरूको बारम्बार आक्रमणको सिकार बन्दै आएका छन्।

## बौद्धस्थित भाटभटेनीमा जलेको अवस्थामा छ जनाको शव भेटियो

काठमाडौँ, २९ भदौ (रासस)।

काठमाडौँ महानगरपालिका-७ बौद्धस्थित भाटभटेनी सुपरस्टोरमा जलेको अवस्थामा छ जनाको शव भेटिएको छ।

भाटभटेनी सुपरस्टोरमा जलेको अवस्थामा छ वटा शव भेटिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले राससलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "जलेको अवस्थामा शनिबार छ वटा शव भेटिएका छन्। शवको परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल महाराजञ्जमा पठाइएको छ।"

## दुई सय ६२ किलो गाँजासहित तीन जना प्रहरी नियन्त्रणमा

काठमाडौँ, २९ भदौ (रासस)।

विराटनगर महानगरपालिका-१५ बाट दुई सय ६२ किलो ५८० ग्राम गाँजासहित तीन जना पक्राउ परेका छन्।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उक्त महानगरपालिका-१८ का श्यामकुमार यादव, सुनसरीका २० वर्षीया सन्जु तामाङ र २२ वर्षीय निखिल घिमिरेलाई शनिबार राति रानीस्थित इलाका प्रहरी कार्यालयबाट परिचालन भएको सुरक्षाकर्मीको टोलीले पक्राउ गरेको हो।

प्रहरीले मे.१ च ५८२६ नम्बरको गाडीबाट उक्त परिमाणको गाँजा बरामद गरेको जनाइएको छ।

## सात सय ३० राउण्ड गोलीसहित आठ जना पक्राउ

काठमाडौँ, २९ भदौ (रासस)।

बनेपा नगरपालिका-९ बाट ७ सय ३० राउण्ड गोली सहित ८ जना पक्राउ परेका छन्।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उक्त नगरपालिकाको सोही वडाका २६ वर्षीय सिजन सुवाल, २८ वर्षीय सुवास गौतम, १८ र १५ वर्षका किशोर, बाराका २० वर्षीय महेश मुखिया, मकवानपुर बकैया गाउँपालिका-६ का २४ वर्षीय सुशान्त लो, तेमाल गाउँपालिका-२ का २१ वर्षीय तिमोथी तामाङ र पनौती नगरपालिका-१० का ३४ वर्षीय अछुत खड्कालाई शनिबा काभ्रे जिल्ला प्रहरी कार्यालयको प्रहरी टोलीले शनिबार राति पक्राउ गरेको हो।

## संविधानको दायराभित्रबाटै अगाडी बढ्न पत्रकार महासंघको आग्रह

**दैनिक समाचारदाता**
**काठमाडौँ, २९ भदौ।**

नेपाल पत्रकार महासङ्घले भ्रष्टाचार र बेथितिविरुद्ध 'जेनजी'ले उठाएका माग संविधानको दायराभित्रबाटै पूरा गरी उन्नत लोकतान्त्रिक अभ्यासमा अगाडि बढ्न आग्रह गरेको छ।

महासङ्घले एक विज्ञप्ति जारी गर्दै 'जेनजी' आन्दोलनपछि मुलुकमा नयाँ राजनीतिक परिस्थिति निर्माण हुन पुगेको उल्लेख गर्दै सोही भावनाअनुसार संविधानभित्र रहेर अगाडि बढ्नुपर्नेमा जोड दिएको छ।

महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "महासङ्घ लोकतन्त्र, संविधानवाद, विधिको शासन, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि निरन्तर वकालत गर्दै आएको नागरिक अगुवा संस्थाका रूपमा रहिआएको छ। यसर्थ हामी संविधानविरोधी कार्यको विरोध गर्दछौँ।"

"राजविराज शहर, समृद्ध-हरित नगर"

# राजविराज नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

मिति : २०८२/५/२९

## फोहोरमैला विसर्जन सम्वन्धी सूचना

उपरोक्त सम्वन्धमा मिति २०८२/०५/२४ गते भएको Gen Z को आन्दोलनको क्रममा यस नगरपालिकामा आगलागी भई कार्यालयसँग चालु अवस्थामा रहेको फोहोर बोक्ने गाडीहरु ट्र्याक्टर ४ थान, टिपर ३ थान, जे.सि.वि. १ थान लगायतका उपकरणहरु पूर्ण रुपमा जली नष्ट भएकोले यस नगरपालिकाले नगरभरी साविक देखी गर्दै आएको फोहोर विसर्जनको कार्यमा अप्ठ्यारो परिस्थिति उत्पन्न हुन गएको छ।

यस नगरपालिकाले फोहोर व्यवस्थापन कार्यका लागि सक्रिय रुपमा वैकल्पिक व्यवस्था गर्न लागिपरेको हुदाँ अर्को व्यवस्था नहुञ्जेल सम्म हालको यस विषम परिस्थितिमा आ-आफ्नो घर, पसल तथा हाट बजारबाट निस्केको फोहोर मैला तत्काललाई आफै व्यवस्थापन गरी सडक पेटी तथा सार्वजनिक ठाँउमामा फोहोर नफाल्नु हुन सबै नगरवासीमा हार्दिक अपिल गर्दछु।

## पाँच हजार किलो गाँजा बरामद

सुनसरी, २९ भदौ (रासस)।

सशस्त्र प्रहरीले सुनसरीको इटहरी उपमहानगरपालिका-५ स्थित स्यारसकाली पेट्रोलपम्पबाट पाँच हजार किलो गाँजा बरामद गरेको छ।

विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालयबाट खटिएको टोलीले आइतबार बिहान करिब १:०० बजे उक्त गाँजा बरामद गरेको हो।

सशस्त्र प्रहरी निरीक्षक अशोक नेउपानेको नेतृत्वमा खटिएको २१ जनाको टोलीले दुई ट्रकबाट गाँजा फेला पारेको सशस्त्र प्रहरी बलका प्रवक्ता वरिष्ठ उपरीक्षक ( एसएसपी) सुधीरजंग थापाले जानकारी दिनुभयो।

ना४ख २९०१ नम्बरको ट्रकबाट १२४ बोरा र बा५ख ११६९ नम्बरको ट्रकबाट ३४ बोरा गरी जम्मा १५८ बोरा गाँजा बरामद गरिएको छ।

प्रहरी देखेपछि घटनास्थलबाट संलग्न व्यक्ति फरार भएका र उनीहरूको खोजी भइरहेको प्रवक्ता थापाले बताउनुभयो।

बरामद गरिएको गाँजा आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सुनसरीमा पठाइएको सशस्त्र प्रहरीले जनाएको छ।

"राजविराज शहर, समृद्ध-हरित नगर"

# राजविराज नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

मिति : २०८२/५/२९

## लुटपाट तथा चोरी गरि लगिएको सार्वजनिक सम्पति फिर्ता गर्ने सम्बन्धमा

मिति २०८२/०५/२४ गते Gen Z समूहद्वारा गरिएको आन्दोलन/प्रदर्शनको क्रममा यस नगरपालिकामा तोडफोड, आगजनी भएको र सोहि अवसर पारी केहि व्यक्तिहरुले कार्यालयका जिन्सी समान लगायतका सार्वजनिक सम्पति लुटपाट र चोरी गरी घरसम्म लागेको भनी CCTV फुटेज, Tik Tok, facebook लगायत अन्य संचार मध्यममा समेत स्पष्ट देखिएको छ। यस सम्बन्धमा, उक्त चोरी/लुटिएको सम्पति तुरुन्तै यस नगरपालिकामा बुझाउन अनुरोध गरिन्छ।

**सम्पर्क व्यक्ति**
**स्टोर किपर :** मो. आलम खान
सम्पर्क नं. ९८०४७१७७४२




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*